# कृषि उपज वजार स्थलको
# गठन ,व्यवस्थापन तथा संचालन निर्देशिका
# २०७७

तुलसीपुर उपमहानगरपालिका, दाङ्ग

कृषि उपज वजार स्थलको गठन व्यवस्थापन तथा संचालन निर्देशिका २०७७

# कृषि उपज वजार स्थलको गठन व्यवस्थापन तथा संचालन निर्देशिका २०७७

नगरकार्यपालिकाबाट पारित मिति: २०७७/०९/२७

**प्रस्तावना** : तुलसीपुर उपमहानगरपालिकामा खाद्यान्न,नगदेवाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको उत्पादनमा बृद्धि गर्ने प्रयास भइरहेको छ । यसवाट विभिन्न वालीहरुको उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय बृद्धि हुँदै आएको छ। कृषकहरुलाई उत्पादन बृद्धिमा अझ वढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरीकाले विक्रि वितरणको व्यवस्था मिलाउन वजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ । यस सिलसिलामा खाद्यान्न तथा नगदे वालीहरुको लागि ग्रामीण स्तर देखि नगर क्षेत्रसम्म वजार सुविधामा विस्तार गर्नु पर्ने अवस्था देखिएको छ । तर वजार स्थलको छनौट, स्थापना, विकास र निर्माण सम्पन्न गरी यस्ता वजारलाई स्थायित्व प्रदान गर्ने कार्य त्यति सजिलो छैन । यस्ता पक्षमा सुधार गर्नका लागि निजी, अर्ध सरकारी, सरकारी वा गैर सरकारी क्षेत्रकासंघ संस्थाहरुले पनि सक्रिय भूमिका निर्वाह गर्दै जानु पर्ने हुन्छ।

कृषि उपज वजार स्थल कसरी छनौट गर्ने, जग्गाको व्यवस्था कसरी गर्ने, विकास, निर्माण, व्यवस्थापन र आर्थिक दायीत्व आदि सम्वन्धी कार्यमा कसले के भूमिका निर्वाह गर्ने, सम्झौता गरी कार्य सम्पादन गर्न सम्झौता कुन कुन पक्ष विच के कसरी गर्ने र अन्ततोगत्वा यस्ता वजार कसरी कृयाशिल गराउने, दिगोरुपमा चल्ने खालका गराउने र सवै अर्थात कृषक, संलग्न व्यक्ति वा निकाय, व्यापारी तथा उपभोक्ता जस्ता सम्वन्धित पक्ष वाट के कसरी वजारको संरक्षण, संचालन, वजारको गुणात्मक अभिवृद्धि आदि सम्भव छ यी विषयमा ठोस अवधारणा तैयार हुनु जरुरी छ । तुलसीपुर उपमहानगरपालिका भित्रमा जहाँ कहिं पनि बजार स्थलको छनौट, विकास एवं कार्य संचालन र समितिको गठन व्यवस्था आदि प्राविधिक पक्षको कार्यान्वयन गर्ने जिम्मेवार निकाय तुलसीपुर उपमहानगरपालिकामा, रहेको छ । यस तुलसीपुर उपमहानगरपालिका र सम्वन्धित निकायको सहभागितामा हुने वजार विकास कार्यक्रममा सघाउ पुऱ्याउन तथा नगर भित्रमा जहाँ कहिं पनि संचालन हुने कृषि वजारमा गठन हुने समितिले व्यवस्थापन एवं संचालन गर्न सक्ने अवस्थाको सृजना गर्न यो निर्देशिका तयार गरिएको छ। "**तुलसीपुर उपज वजार स्थलको गठन,व्यवस्थापन तथा संचालन निर्देशिका २०७७** "लागु भए पछि वजार स्थलको गठन, दर्ता,व्यवस्थापन,अनुगमन तथा संचालन यसै निर्देशिकामा उल्लेख भए वमोजिम गर्नुपर्ने हुन्छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** :(१) यो निर्देशिकाको नाम "**कृषि उपज वजार स्थलको गठन, व्यवस्थापन तथा संचालन निर्देशिका २०७७** "रहेको छ । (२) यो निर्देशिका तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिकाको बैठकवाट निर्णय भएपछि मात्र लागू हुनेछ ।

२. **निर्देशिका लागु हुने ठाउँ:** सरकारी तथा गैर सरकारी, नीजि तथा सहकारी क्षेत्रको सकृय सहभागीतामा नगरका विभिन्न स्थानहरुमा भएका र स्थापना हुने कृषि उपज वजार स्थल ।

**३. परिभाषा** :

(क) **"समिति"** भन्नाले यस निर्देशिका बमोजिम गठित "कृषि वजार संचालक समिति" सम्झनु पदर्छ ।

(ख) **"वजार"** भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन जस्ता ताजा वा नाशवान वस्तु वा समितिले तोकेको अन्य नाशवान प्रकृतिका कृषि वस्तुको खरीद विक्रि सम्वन्धी कृयाकलाप गर्न यस निर्देशिका वमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पदर्छ ।

(ग) **"कोष"** भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्झनु पर्दछ ।

(घ) **"कृषि वस्तु"** भन्नाले कृषि क्षेत्रवाट उत्पादित तेलहन, दलहन, मसला वाली, फलफूल, तरकारी जस्ता ताजा वा नाशवान वस्तु सम्झनु पर्दछ ।

(ङ) **"थोक कारोवार"** भन्नाले पाँच किलो वा सो भन्दा वढी कृषि वस्तुको खरीद विक्रीको परिमाणलाई संम्झनु पर्दछ ।

(च) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ज) **"सेवा शुल्क"** भन्नाले वजारमा उपलब्ध गराईएको सेवा र सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतको भाडा वा अन्य शुल्क सम्झनु पर्दछ ।

(झ) **"वजार व्यवस्थापक"** भन्नाले यस निर्देशिका बमोजिम तोकिएको वजार व्यवस्थापक सम्झनु पर्दछ ।

## परिच्छेद- २

## कृषि उपज बजार संचालक समितिको गठन, दर्ता,काम कर्तव्य र अधिकार

**४. कृषि उपज वजार संचालक समितिको गठन** :(१) कृषि उपज वजार संचालक समितिको गठन निम्न वमोजिम हुनेछ :

(क) सदस्यहरुले आफूहरु मध्येवाट निर्वाचनद्धारा छनौट गरिको सदस्य अध्यक्ष १

(ख) कृषिउपज वजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक समुह मध्यहरुवाट निर्वाचित २ जना कृषक सदस्य

(ग) कृषिउपज वजार स्थलको सेवा पुग्ने क्षेत्रका व्यापारीहरु सोसियोमेट्रिक प्रणालीवाट निर्वाचित मध्यहरुवाट व्यापारी सदस्य ३ जना

(घ) सम्बन्धित बजार रहेको वडाका वडा जनप्रतिनिधि सदस्य १

(ङ) तुलसीपुर उपमहानगरपालिका कृषि विकास शाखा प्रमुख सदस्य सचिव १

(च) तुलसीपुर उद्योग वाणिज्य संघ सदस्य १

जम्मा सदस्य संख्या ९

(छ) सहकारी संस्था द्वारा संचालन गरिने वजारको संचालक समितिमा १ (एक) जना कृषि विकास शाखा शाखा प्रमुख को तथा १ (एक) जना सहकारी तथा गरीवी निवारण शाखा प्रमुख) राख्ने र ६ (छ) जना सहकारी संस्थाको तर्फवाट इच्छुक तथा क्षमतावान र कृयाशील प्रतिनिधी राख्ने व्यवस्था गर्ने र सम्बन्धित वडाका वडा सदस्य प्रतिनिधी सदस्य १ जना गरी जम्मा ९ सदस्यि समिती गठन गर्ने ।

(२) अध्यक्षको व्यवस्था : वडा जनप्रतिनिधि र कृषि विकास शाखाको प्रतिनिधि वाहेक अन्य सदस्यहरुले आफूहरु मध्येवाट निर्वाचनद्धारा छनौट गरिएको सदस्यनै अध्यक्ष हुनेछ । साथै अध्यक्षको निर्वाचन भैसकेपछि निजको साविक सदस्यको पद रिक्त भएको मानिने छैन ।

(३) सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निजहरु पुन: निर्वाचित हुन सक्ने छन् ।

(४) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघ संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) एक पटक समिति वनि सके पछि समितिका सदस्य संख्यामा थप घट गर्नु पर्ने अवस्थामा संचालक समितिले थपघट गर्नेछ ।

**५. सदस्यहरुको योग्यता** :संचालक समितिको सदस्य हुनको लागि देहाय वमोजिम योग्यता पुगेका व्यक्ति हुनु पर्दछ ।

क) नेपाली नागरिक

ख) २५ वर्ष उमेर पुगेको

ग) वजार स्थलको कार्य क्षेत्र भित्र वसोवास गरेको

घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको

ङ) मगज नविग्रेको

**६. कृषि उपज वजार संचालक समिति/हाटबजारको दर्ता:**

(क)कृषि उपजबजार समिति/हाटबजारहरु दर्ता तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिका अर्न्तगत कृषि विकास शाखामा अनुसुची १ बमोजिमको ढाँचामा निवेदन पेश गनुपर्नेछ र दर्ता भएमा अनुसुची २ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराईनेछ ।

(ख) बजार समिति/हाटवजार दर्ता गर्दा राजश्व वापतको रकम रु १०००। तथा समिति/हाटबजार नविकरण गर्दा रु ५००। दाखिला गर्नुपर्नेछ ।

**७.समितिको काम, कर्तव्य र अधिकार:** (१) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि वजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो वजारलाई प्रतिस्पर्धात्मकरुपवाट संचालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ ।

(क) वजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सो को कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने ।

(ग) वजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

(घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ति विशेषको निमित्त वजार सुविधा उपलव्ध गराउने ।

(ङ) वजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित व्यक्ति वा निकायवाट त्यस्तो सेवा शुल्क असूल गर्ने ।

(च) वजार संचालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(छ) वजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(ज) वजारस्थलको मर्मत संभार तथा संरक्षण गर्ने ।

(झ) वजारसंचालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

(ञ) बजार क्षेत्र भित्र सबै उपभोक्ताले देख्ने गरी सूचना पाटीमा हरेक दिनको मूल्य सूचि टाँस गर्नुपर्नेछ ।



घनश्याम पाण्डे प्रमुख

**८.समितिको वैठक र निर्णयः**(क) समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा कृषि उपज बंजार स्थलमा वस्ने छ ।समितिको वैठक महिनामा एकपटक अनिवार्यरुपमा वस्नु पर्नेछ ।
(ख) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।
(ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले आफू मध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।
(घ) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।
(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।
(च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।
**९. उप-समितिको गठन गर्न सक्नेः** समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्‍याउन उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
**१०.समितिको कोषः** समितिको एउटा छुट्टै कोष हुनेछ ।
(१) समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छ :
(क) सेवा शुल्क वापत प्राप्त रकम र
(ख) विभिन्न व्यक्ति वा संघसंस्थावाट प्राप्त रकम र
(ग) अन्य कुनै स्रोतवाट प्राप्त रकम
(२) समितिलाई प्राप्त हुने सवै रकम प्राप्त हुना साथै नेपाल सरकारको मान्यता प्राप्त कुनै वाणिज्य वैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।
(३) विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।
(४) समितिलाई नेपाल सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।
(५) समितिको कोषको संचालन समितिले तोके वमोजिम हुनेछ ।
**११. कृषि उपज वजार स्थलको वर्गीकरण र कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था :**(१) कृषि उपज वजार स्थल वार्षिक आयको आधारमा निम्न वमोजिमको वर्गीकरणमा पर्नेछन ।
(क) वार्षिक रु १५ लाख देखि वढी आय हुने वजार स्थल, "क" वर्ग ।
(ख) वार्षिक रु १५ लाख भन्दा माथि रु १५ लाख सम्म आय हुने वजार स्थल "ख" वर्ग ।
(ग) वार्षिक रु ५ लाख सम्म आय हुने वजार स्थल, "ग" वर्ग ।
(२) कोषमा जम्मा भएको सेवा शुल्कवाट प्राप्त रकम मध्येवाट अधिकांश रकम वजार स्थल नियमित रुपमा संचालन गर्न (कर्मचारी तलव, भत्ता, वैठक भत्ता, विजुली, पानी, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा वजार स्थल निमार्ण, सुधार, मर्मत, संभार कार्यको लागि समितिले खर्च गर्न सक्ने छ । वजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एकमुष्ट रुपले जग्गा उपलब्ध गराए वापत दिनु पर्ने अवस्थामा पनि यसै रकम मध्येवाट समितिले दिन सक्नेछ ।
(३) वजार स्थलमा प्राप्त हुने आयवाट निम्न अनुसार वचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।"क" वर्गका वजारले कूल आयको ७० प्रतिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य र जग्गा



घनश्याम पाण्डे
प्रमुख

उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र ३० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा नेपाल सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचाई राख्ने । "ख" वर्गको वजारले कूल आयको ८० प्रतिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र २० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा नेपाल सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचाई राख्ने । "ग" वर्गको वजारले कूल आयको ९० प्रतिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा नेपाल सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचाई राख्ने ।

**१२. लेखा र लेखा परीक्षण:** (१) समितिको आय व्ययको लेखा संचालक समितिले तोकेको ढाँचामा राखिनेछ ।

(२) समितिको लेखा परीक्षण रजिष्टर्ड लेखा परीक्षकवाट गरिने छ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जंचाउन सक्नेछ ।

**१३. वजार व्यवस्थापकको नियुक्ति:** (१) दैनिक प्रशासकीय एवं बजार संचालन, सूचना र तोकिएका अन्य काम गर्न समितिले एक वजार व्यवस्थापक नियुक्त गर्न सक्नेछ ।

(२) वजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके वमोजिम हुनेछ ।

**१४. वजार व्यवस्थापकको काम कर्तव्य र अधिकार:** वजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) वजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**१५.समितिको कर्मचारी:** समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आशिंक वा पूरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्नेछ ।

**१६. समितिको कार्यालय:** समितिको कार्यालय संभव भए सम्म कृषि उपज बजार स्थल क्षेत्र भित्र रहनेछ ।

**१७. कारोवार गर्ने कृषि वस्तुमा थपघट:**तोकिएका बजार भित्र कारोवार गरीने कृषि वस्तुको कारोवारमा थपघट गर्नु परेमा तुलसीपुर उपमहानगरपालिको सिफारीसमा समितिले थपघट गर्न सक्ने छ।

**१८. अधिकार प्रत्यायोजन:** समितिले आवश्यकतानुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. प्रतिवेदन पेश गर्नु पर्ने:** समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको काम, बजारमा क्रय विक्रय भएका वस्तुको विद्यमान मूल्य, खरीद विक्री परिमाण विवरण, उठेका समस्या तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन कृषि विकास शाखामा पेश गर्नु पर्नेछ

**२०. बजारको स्वामित्व** : यो समिति गठन पश्चातको बजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण



घनश्याम पाण्डे
प्रमुख

स्वामित्व तुलसीपुर उपमहानगरपालिकको रहने छ । समितिले वजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा वढीको दायित्व लिने गरी कसैसित कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्ने छैन ।

**२१. समिति भङ्ग हुने र छुट्टै व्यवस्था हुन सक्ने** : तुलसीपुर उपमहानगरपालिकाले आवश्यक ठानेमा यो समितिलाई विघटन गरी उक्त वजारको संचालनको लागि छुट्टै व्यवस्था गर्न सक्नेछ ।

**२२. तुलसीपुर उपमहानगरपालिकाको निर्णय मान्य हुने** : यो निर्देशिका वा सम्झौता-पुत्रको कार्यान्वयनको सिलसिलामा आई पर्ने कुनै समस्याका सम्वन्धमा समिति र नेपाल सरकारका प्रतिनिधिहरुले आपसी छलफलद्धारा समस्याको समाधान गर्ने छन् । त्यस सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा नेपाल सरकार तुलसीपुर उपमहानगरपालिले गरेको निर्णय समितिलाई मान्य हुनेछ ।

**२३. अनुगमन** : नियमित अनुगमन तथा मूल्यांकन नगर प्रमुख, नगर उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, आर्थिक विकास समिति, सम्वन्धित वडाका वडा अध्यक्ष , कृषि विकास शाखाबाट हुनेछ ।

## परिच्छेद- ३

## विविध

**२४. संशोधन** :यस निर्देशिका संचालन प्रक्रियामा आवश्यकता अनुसार पुनरावलोकन गरी तुलसीपुर उपमहानगरपालिका कार्यपालिकाको बैठकले संसोधन वा परिमार्जन गर्न सक्नेछ ।

**२५.प्रचलित कानून लागू हुने**: यस कार्यकम संचालन प्रकियामा व्यवस्था भएका विषयहरुका सम्बन्धमा यसै कार्यकम संचालन प्रकिया बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२६.अन्तिम व्यवस्था**: यस कार्यकम संचालन प्रकियाको व्याखामा द्धिविधा भएमा तुलसीपुर उपमहानगरपालिकाले गरेको व्याख्या अन्तिम मानिनेछ ।

कृषि उपज वजार स्थलको गठन, व्यवस्थापन तथा संचालन निर्देशिका २०७७

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ

घनश्याम पाण्डे प्रमुख

अनुसुची १

## कृषि उपज बजार समिति/हाटबजार दर्ताको लागि निवेदन तथा विवरण फ़ाराम

टिकट रु १०।

श्रीमान प्रमुख ज्यू,

कृषि विकास शाखा,

...................... ।

**बिषयः कृषि उपज बजार समिति/कृषि हाटबजार दर्ता गरिपाऊँ ।**

श्री ............नगरपालिका, ..... नं वडा कार्यालय र कृषि प्राबिधिक श्री ............................. को सहयोगमा/हामी संगठित भई ............उपमहानगरपालिका, वडा नं...... मा गठन भएको हाम्रो **कृषि उपज बजार समिति/कृषि हाटबजार** दर्ता गरी पाउन निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

..............................

अध्यक्षको दस्तखत

मिति

कृषि उपज बजार स्थलको गठन व्यवस्थापन तथा संचालन निर्देशिका २०

## कृषि उपज बजार समिति/कृषि हाटबजारको विवरण

**कृषि उपज बजार समिति/कृषि हाटबजार** को नाम........................................................स्थापना बर्ष ............

नगरपालिका......................... वडा नं. ............ गाउँ/टोल..........................................

उद्देश्य .......................................................................................... ..

........................................................................................................................

........................................................................................................................

गठनको पुष्ट्याई :

समितिका पदाधिकारीहरूको नाम :

| क्र.सं. | नाम | पद | ठेगाना | मो नं | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सदस्य सचिव | | | |
| ४ | | कोषाध्यक्ष | | | |
| ५ | | सदस्य | | | |
| ६ | | " | | | |

नियमित बैठक वस्ने दिन.....................

**आवश्यक कागजातहरु :**

१) अनुसुची १ को निवेदन तथा समितिको विवरण

२) समितिको निर्णय तथा गठन भएको माईन्यूट प्रतिलिपि थान १

३) सम्बन्धित वडा कार्यालयहरुको सिफारिस पत्र थान १

कृषि उपज बजार स्थलको गठन व्यवस्थापन तथा संचालन निर्देशिका २०७७

घनश्याम पाण्डे
प्रमुख

अनुसुची : २

## कृषि उपज बजार समिति/कृषि हाटबजार दर्ता प्रमाण-पत्र नमूना

कृषि विकास शाखा दर्ता नं. .

तुलसीपुर उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**कृषि विकास शाखा**

..........................

**कृषि उपज बजार समिति/कृषि हाटबजार दर्ता प्रमाण-पत्र**

कृषि बजार पद्धतिलाई सुव्यवस्थित गर्दै कृषिउपजको उचित बजारिकरण कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले ....... जिल्लाको......................नगरपालिका, वडा नं......मा मिति.................. मागठित श्री .............................. **कृषि उपज बजार समिति/कृषि हाटबजार** लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ......................<br>(......................) | | ........................<br>(........................) |
| प्राविधिक | मितिः- .................. | कृषि विकास अधिकृत |

कृषि उपज वजार स्थलको गठन व्यवस्थापन तथा सञ्चालन निर्देशिका २०७७

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३



घनश्याम पाण्डे
प्रमुख

अनुसूची - ३




समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना

कृषि उपज वजार स्थलको गठन ... निर्देशिका २०७७

अनुसूची - ४

समितिले प्रयोग गर्ने प्याडको नमूना

कृषि उपज वजार संचालक समिति

फोन नं.
फ्याक्स नं.
मिति : -

प.सं. : -
च. नं

विषय :

कृषि उपज वजार स्थलको गठन व्यवस्थापन तथा संचालन निर्देशिका २०७७



घनश्याम पाण्डे
प्रमुख

अनुसूची - ५

समितिले प्रयोग गर्ने साईन वोर्डको नमूना
कृषि उपज वजार स्थल
..................................




कृषि उपज वजार संचालक समिति, ..................... द्वारा संचालित(तुलसीपुर उपमहानगरपालिका वाट स्वीकृत)

अनुसूची - ६

भौतिक सम्पती/सामग्री

कृषि उपज वजार संचालन समिति, ........................ले प्रयोग गर्ने भौतिकसम्पती/सामाग्रीहरुको विवरण देहाय बमोजिम अभिलेख राख्नुपर्दछ :

| क.स | सामाग्रीको विवरण | ईकाई | परिमाण | मूल्य रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

वजार समितिको अध्यक्ष

............................

कृषि उपज वजार स्थलको गठन व्यवस्थापन तथा संचालन निर्देशिका २०७७



घनश्याम पाण्डे
प्रमुख